VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित
# हाम्रो प्रजाशक्ति

BRILLIANT COACHING
"success is our motto"
Register yourself in the Premier Institute for Winter Crash Course 2017-18
Highly Experienced faculties for PHYSICS, CHEMISTRY, MATHEMATICS & BIOLOGY
If not satisfied Full Fees will be refundable
facebook.com/brilliant.coaching
Gangtok - 03592 201090 / Siliguri - 0353-2576611 / Cell: 97332 97367

■ वर्ष - १८, अंक - ३०२ ■ वि.सं. २०७४, पूष २८ गते ■ गान्तोक, शुक्रवार, १२ जनवरी, २०१८ www.hamroprajashakti.com ■ JANUARY 12, 2018 FRIDAY, GANGTOK ■ मूल्य ₹ ५/-

## ६ महीनापछि सार्वजनिक भए विमल

# 'म विच्छिन्नतावादी होइन, मलाई फँसाइएको हो'

**नयाँ दिल्ली, ११ जनवरी।** पश्चिम बंगाल पुलिसले दार्जीलिङ पहाड़मा धुइँपताल लगाएर खोजिरहेको गोर्खा जनमुक्ति मोर्चाप्रमुख विमल गुरुङ नयाँ दिल्लीमा प्रकट भएका छन्। पहाड़मा गोर्खाल्याण्ड आन्दोलन शुरू भएपछि पोहोर भूमिगत भएका विमल गुरुङ प्रायः ६ महीनापछि बिहीवार नयाँ दिल्लीमा मीडियासमक्ष आएको मीडिया रिपोर्टमा दावी गरिएको छ। मोर्चाप्रमुख विमल गुरुङले पहाड़मा स्थायी शान्तिको निम्ति वार्तामा बस्ने इच्छा प्रकट गरेका छन्। बिहीवार संवाद संस्था पीटीआईलाई दिएको एउटा विशेष अन्तर्वार्तामा विमल गुरुङले यस्तो इच्छा प्रकट गरेका हुन्।




- पहाड़मा स्थायी शान्तिको निम्ति वार्तामा बस्न तयार
- 'मोर्चाले गोर्खाहरूको अधिकारको निम्ति आन्दोलन जारी राख्नेछ'
- 'संविधानको परिधिभित्रै रहेर गोर्खाल्याण्डको माग गरिरहेछौं'
- 'पश्चिम बंगालवासीविरुद्ध हाम्रो लड़ाईं होइन'

मोर्चा प्रमुखले पीटीआईसँग भने, म मुख्यमन्त्री ममता ब्यानर्जीसँग वार्तामा बस्न तयार छु, एकमात्र वार्तामार्फत नै समाधान सूत्र निस्कन सक्छ। तिनले भनेअनुसार मोर्चाले गोर्खाहरूको अधिकारको निम्ति आन्दोलन जारी राख्नेछ। पश्चिम बंगाल अथवा राज्यका बासिन्दाहरूविरुद्ध हाम्रो लड़ाई होइन, हामीले गोर्खाहरूको संस्कृति र भाषाको रक्षाको निम्ति आन्दोलन जारी राखेका छौं, संविधानको परिधिभित्रै रहेर हामीले गोर्खाल्याण्ड राज्य गठनको माग गरिरहेका छौं, मोर्चाप्रमुखले भने। तिनले भने, म विच्छिन्नतावादी होइन, मलाई फँसाइएको हो। तिनले बंगाल सरकार विरुद्ध क्षोभ व्यक्त गरे। विमल गुरुङले भने, पश्चिम बंगाल सरकारले एकपाखे निर्णयहरू लियो, सरकारको त्यसै एकपाखे निर्णयको विरोध जनाउन पोहोर आन्दोलन शुरू भएको हो।

स्मरण रहोस्, भूमिगत रहेकै अवधि पोहोर अक्टोबरमा एउटा अडियो सन्देश जारी गरेर विमल गुरुङले पश्चिम बंगाल सरकारविरुद्ध प्रहार गरेका थिए। ममता ब्यानर्जी सरकारले म विरुद्ध षड्यन्त्र रच्दैछ, तिनले त्यसताक भनेका थिए। राज्य सरकारसमक्ष कदापि नझुक्ने कुरा तिनले त्यसताक जनाएका थिए। बिहीवार नै मोर्चाप्रमुखले एउटा विज्ञप्ति जारी गरेर मोर्चाको आन्दोलन गोर्खाहरूको चिह्नारीको निम्ति रहेको कुरा जनाए। बंगालका मानिसहरू हाम्रा भाई–बहिनीहरू हुन्, बंगालका मानिसहरूसँग हाम्रो कुनै विरोध छैन तर हाम्रो भाषा, पहिरन र संस्कृति तिनीहरूभन्दा भिन्न छ, विमल गुरुङले विज्ञप्तिमा भनेका छन्। हामीले संविधानको परिधिभित्रै रहेर

▶ रहल पाता २-मा

## साङ्गीतिक कार्यक्रम पाल्जोर स्टेडियममा सारियो

# एआर रहमानलाई राज्य सरकारको कोषबाट एकै पैसा दिइएको छैनः उगेन टी. ग्याछो

**गान्तोक, ११ जनवरीः** हिजोको अत्याधिक भीड़ र दुर्घटनाको सम्भावित खतरालाई ध्यानमा राखेर सिक्किम रेड पाण्डा विण्टर कार्निभल २०१७–१८ अन्तर्गत यहाँको एमजी मार्गमा आयोजना हुने अतिथि कलाकारहरूको साङ्गीतिक कार्यक्रमलाई पाल्जोर स्टेडियममा आयोजना गर्ने आयोजक पक्षले निर्णय लिएको छ। स्थानीय कलाकारहरूको कार्यक्रम भने एमजी मार्गमै हुने पर्यटन एवं नागरिक उड्डन विभागका सचिव उगेन टी ग्याछोले पत्रकारहरूसित कुराकानी गर्दै यो जानकारी दिएका हन्। यसको साथै उनले उत्सवमा सहभागी बन्न आउने दर्शक श्रोताहरूलाई अनुशासित र सभ्य भएर कार्यक्रमको मनोरञ्जन लिने पनि अपील गरेका छन्।



उल्लेख्य, हिजो एमजी मार्गमा नेपालका ख्यातिप्राप्त र्‍यापर 'लाहुरे' कार्यक्रम थियो। कार्यक्रम हेर्न अपार भीड़ जमा भएको थियो। भीड़ अनियन्त्रित भएपछि कार्यक्रम सञ्चालन गर्नमा धेरै असुविधा भएको थियो भने भागदौड़ मच्चिएर ठूलै दुर्घटना हुनसक्ने खतरा पनि देखिएको थियो। हिजोको घटनालाई ध्यानमा राखेर आजदेखि उता अतिथि कलाकारहरूको कार्यक्रम पाल्जोर स्टेडियममा सारिएको मन्त्री भोटियाले जानकारी गराए। 'मरो लागि ज्यानमालको सुरक्षा प्राथमिकता हो। यदि कुनै प्रकारको ज्यानमालको खतरा हुन्छ भने मलाई कार्यक्रम रद्द गर्नु पनि कुनै हिचकिचाहट हुनेछैन', उनले भने। यसका साथै कार्यक्रम हेर्न आउनेहरूले आफूमा संयम र धर्य राख्दै अनुशासित भएर कार्यक्रम हेर्नु पनि उनले अपील गरेका छन्। कार्यक्रम हेर्नेहरूमा ८० प्रतिशत सिक्किमका भए पनि २० प्रतिशत राज्य बाहिरबाट आएका पाहुनाहरू हुन्छन् भन्दै राज्यको नाम खराब गर्ने काम कसैले पनि गर्नु नहुने उनले थप बताए।

विन्टर कार्निभललाई लिएर सामाजिक सञ्जालतिर देखिएका कतिपय नकारात्मक टिप्पणीको जवाफ दिँदै ब्राण्ड एम्बासेडर सङ्गीतकार एआर रहमानलाई राज्य सरकारको कोषबाट एकै पैसा पनि नदिइएको मन्त्री उगेन टी. ग्याछोले स्पष्ट पारे। एआर रहमान स्वयंले पत्रकार सम्मेलनमा राज्य सरकारसित आफ्नो कुनै सम्झौता नरहेको तथा 'गुडविल' को निम्ति सिक्किम राज्यको ब्राण्ड एम्बासेडर बन्न तयार भएको बताएर यस कुरालाई प्रमाणित गरेको पनि उनले थप बताए। यसरी नै किन भाइचुङ भोटिया र डेनी डेन्जोङ्गपालाई ब्राण्ड एम्बासेडर बनाएन? भन्ने विपक्षी पार्टीको प्रश्नमाथि प्रतिक्रिया व्यक्त गर्दै कुनै पनि राज्यको ब्राण्ड एम्बासेडर त्यसै राज्यका वासिन्दा नहुने गरेको मन्त्री भोटियाले बताए। 'यदि भाइचुङ र डेनीलाई ब्राण्ड एम्बासेडर बनाएकै भए तापनि आफ्नो आफन्त र जातभाईलाई चेप्यो भन्ने विपक्षीहरूले आरोप लगाउने नै थियो', उनले कटाक्ष गरे।

## आचार्य बालकृष्ण १६ जनवरीमा सिक्किम आउने

**सिङताम, ११ जनवरी।** पतञ्जलि योग समितिको एक प्रकोष्ठ हाम्रो स्वाभिमान सिक्किम प्रान्तको एक आकस्मिक सभा आज रानीपुलमा हाम्रो स्वाभिमानका राष्ट्रिय उपाध्यक्ष सीपी गिरीको अध्यक्षतामा सम्पन्न भयो। उक्त सभाले सिक्किम प्रान्तको हाम्रो स्वाभिमानको पुरानो कार्यकारिणी समितिमा फेरबदल गर्दै नयाँ कार्यकारिणी समिति गठन गरियो, जो निम्न प्रकार छन्– राज्य संयोजक– आरपी पौड़्याल, उप–



संयोजक डा. कमल अधिकारी, महासचिव जय नारायण सापकोटा, सह–सचिव प्रह्लाद पौड़्याल, कोषाध्यक्ष डा. आर. दाहाल, सह–कोषाध्यक्ष गोपीदास पोख्रेल, प्रचार–प्रसार सचिव नन्दु दूतराज, सह–प्रचार सचिव नारायण घिमिरे, प्रमुख सल्लाहकार गणेश छेत्री, सल्लाहकारवर्ग प्रेमलता शर्मा, हेमन्त शर्मा एंव पवन शर्मा।

यस सभामा आचार्य बालकृष्ण आगामी ता. १६ जनवरी २०१८ –को दिन सिक्किम सरकारको निमन्त्रणमा सिक्किम भ्रमणमा आउने विषयमा चर्चा–परिचर्चा गर्दै उनको भव्य स्वागत रम्फूमा गरिने प्रस्ताव पारित गरियो। आचार्य बालकृष्णको भव्य स्वागतको निम्ति सबै कार्यकारिणीवर्गलाई आ–आफ्नो जिम्मेवारी पनि उक्त सभाले सुम्पियो तथा हाम्रो स्वाभिमान सिक्किम प्रान्तको निम्ति सदस्यता वृद्धि गराउने पहल शुरु गरिने तथा कार्यकारिणीवर्गले आजीवन सदस्यता ग्रहण गर्ने पनि निर्णय गर्दै सभा बर्खास्त गरियो।

# सुकनामा विनय गुटले गोर्खाल्याण्डको पक्षमा शक्ति प्रदर्शन गर्ने

**दार्जीलिङ, ११ जनवरी।** २१ जनवरीको जनसभालाई गोजमुमो विनय गुटले गोर्खाल्याण्डको पक्षमा जनताको शक्ति प्रदर्शन रहेको बताएको छ। २१ जनवरी विनय गूटले सुकनाको स्कूल ग्राउण्डमा जनसभा आयोजन गरेको छ अनि जनसभालाई विनय तामङले सम्बोधन गर्ने भएका छन। यसबारे बोल्दै विनय गुटका नेता सतीश पोखरेलले २१ जनवरको जनसभामा दार्जीलिङ महकुमा समितिको पक्षबाट मात्र २० हजार समर्थकहरूलाई समावेश गराउने बताए। त्यसरी नै कालेबुङ, मिरिक, खरसाङ, तराई, डुवर्स आदि क्षेत्रहरूबाट पनि हजारौंको संख्यामा मोर्चा समर्थकहरूको भेला रहने तिनले जनाए।

पोखरेलले २१ जनवरीको जनसभा केवल जनसभा मात्र नभएर सरकारलाई गोर्खाल्याण्डको समर्थनमा शक्ति प्रदर्शन रहेको बताए। जनसभा बिहान ११ बजी शुरू भएर साढ़े २ बजीको भित्रमा सकिने अनि जनसभालाई पार्टी प्रमुख विनय तामङलगायत ५ जना वक्ताहरूले सम्बोधन गर्ने तिनले बताए। सुकना जनसभामा आफूहरूले एक लाख भन्दाअधिक जनसमर्थन देखाउने पोखरेलले दावी गरे। तिनले जनसभामा जनसमर्थन देखाएर सरकारलाई गोर्खाल्याण्डबारे त्रिपक्षीय वार्ता गराउनुपर्ने माग गर्ने अनि यसबारे आफूहरूले दिल्लीमा आफ्नै प्रकारले कार्यहरू पनि गर्दै आइरहेको जानकारी गराए। त्यसरी नै आउँदो फरवरी महीनामा पार्टी गोर्खाल्याण्डबारे कुरा गर्न कलकता र दिल्ली प्रस्थान हुने पोखरेलले बताए। गोर्खाल्याण्डको माग संवैधानिक रहेकोले यस मागलाई आफूहरूले गणतान्त्रिक अनि गाँधीवादी नीतिमा अघि बडाएर लाने पोखरेलले बताए।

## २८ जनवरीको जनसभामा गोरामुमोले कुराहरू खुलासा गर्ने

**दार्जीलिङ, ११ जनवरी।** गोरामुमोले आउँदो २८ जनवरी दार्जीलिङको मोटर स्टयाण्डमा जनसभा गर्ने तय गरेको छ। बिहीवार शहरको डा. जाकिर हुसेन रोड़स्थित गोरामुमो केन्द्रिय कार्यालयमा पार्टीप्रमुख मन घिसिङको अध्यक्षतामा सभा भयो। सभामा दार्जीलिङ पर्वतीय क्षेत्रको वर्तमान राजनैतिक स्थितिबारे चर्चा–परिचर्चा भएको पार्टी प्रवक्ता नीरज जिम्बाले जनाए। सभामा केन्द्रिय समितिले २८ जनवरी मोटर स्टयाण्डमा विराट जनसभा गर्ने निर्णय लिएको तिनले बताए। उक्त जनसभालाई पार्टीप्रमुख मन घिसिङले सम्बोधन गर्ने अनि

▶ रहल पाता २-मा

# कालेबुङमा पिउने पानीको व्यापक समस्या

**कालेबुङ, ११ जनवरी।** नयाँ वर्षको आगमनसितै कालेबुङ शहरमा खानेपानीको समस्या शुरू भएको छ। बितेका केही महीनादेखिको कालेबुङवासीलाई दुइ दिनको अन्तरालमा पानी वितरण गरिँदैथ्यो भने अहिले तीन दिनको अन्तरालमा वितरण गरिँदैछ। पहाड़मा दागोपाप, जीटीए अहिले जीटीए बोर्ड अफ एडमिनिस्ट्रेशन आएको छ। राज्यमा पनि बामफ्रण्टको सरकारपछि तृणमूल कंग्रेसको सरकार दुइपटक आइसकेको छ। कालेबुङ महकुमादेखि जिल्ला भइसकेको छ। तर यहाँ व्याप्त पिउने पानीको समस्या समाधान हुनु त टाड़ाको कुरा अझ यसले विकराल रूप धारण गरिरहेको छ। कालेबुङ शहरमा पानी पुर्‍या–उने दायित्व नेउरा टावर प्रोजेक्टको हो जुन राज्य सरकारको अधिनमा छ। जबकि पानी सर्वराह गर्ने दायित्व वाटर वर्क्स अनि पीएचईको हो। वितरण गर्नका लागि पूर्णरूपले नेउरामाथि निर्भर कालेबुङवासीको पक्षमा माकपा नेता तारा सुन्दासले सम्बन्धित विभाग तथा विभागीय अधिकारीहरूविरूद्ध अदालतमा मुद्दा पनि दर्ता गरेका छन् जसको सुनवाई भइरहेको छ। न्यायिक, प्रशासनिक, क्षेत्रीय लगायत राज्यसम्मलाई कालेबुङमा व्याप्त पिउने पानीको समस्याबारे ज्ञात हुँदाहुँदै पनि यो समस्या कहिले समाधान हुने हो कुनै निश्चित छैन। राज्य सरकार अधिनस्थ नेउरा अनि जीटीए अधिनस्थ पीएचईबीच सही तालमेल हुन नसकेको कारण समस्या झनै बढ़दै गएको छ। तीन दिनको अन्तरालमा वितरण गरिने पानी पनि नामको मात्र छ। नालामा पानीभन्दा बढ़ी हावा आउँछ। सधैं जस्तै यसपालि पनि विभागहरूले एकाअर्कामाथि आरोप–प्रत्यारोप गर्नबाहेक केही गरेका छैनन्। पानीको विकराल समस्यामाथि कालेबुङ जिल्ला प्रशासनले हस्तक्षेप गरेर समाधान गरिदिने अपेक्षा कालेबुङवासीको छ।

# एमजी मार्गमा भएको घटनाको उच्च स्तरीय जाँच गर्नुपर्ने एसकेएमको माग

**गान्तोक, ११जनवरीः** बुधवार विन्टर कार्निभलको संगीतमय कार्यक्रमको समय भागदौड़ मच्चिएको घटनालाई सरकारले जिम्मेवारी लिँदै उच्च स्तरीय जाँच गर्नुपर्ने एसकेएम पार्टीले माग गरेको छ। उक्त उत्सवको मूल उद्देश्य स्थानीयलाई मनोरञ्जन गराउनु हो कि पर्यटकलाई आकर्षण गरानु हो? भन्ने कुरा एसकेएम पार्टीले बुझ्न नसकेको बताएको छ। यदि पर्यटनलाई बढ़ावा दिने उद्देश्य थियो भने सिक्किमको संस्कृति, पर्यटन स्थलहरूबारे प्रचार गर्ने काम हुनुपर्ने थियो तर दुर्भाग्यको कुरा एमजी मार्ग जो पहिलादेखि नै साँघुरो ठाउँमा रक र हिपहप कन्सर्ट गराएर पर्यटन विभागले रक्सी र ओपन डिस्कोलाई बढ़ावा दिएको जस्तो अनुभव भयो, जो अति नै लज्जास्पद र घृणित कार्य सरकारले गरेको छ, भनी एसकेएम पार्टीले विज्ञप्तिमा जनाएको छ। अब यत्रो खर्च गरेर नकारात्मक दृष्टि जाहेर गर्ने उद्देश्य सरकाले गरेको हो भने यो सरकारलाई धिक्कार छ, विज्ञप्तिमा भनिएको छ। हिजो त्यहाँ भीड़ जम्मा हुने संङ्केत हुँदा हुँदै कानून व्यवस्था किन ठीकसँगले प्रबन्ध गरिएन? सिक्किमको हितमा कुनै ज्याली भएको खण्डमा सहभागिता जनाउनेहरू भन्दा धेर पुलिस बल खटाइन्छ तर एमजी मार्ग जस्तो ठाउँमा कन्सर्ट हुँदा पुलिस प्रबन्ध किन विफल भयो? हिजो राजधानीका प्राय रक्सी बेचे ठाउँहरू रात भरी खुल्ला रहेको जसको विपरित एमजी मार्ग तथा गान्तोक भरी मातको लतमा भएका युवा युवतीको जमात देखियो साथै अभद्र भाषाहरू ठाउँ ठाउँमा गुञ्जीरहेको थियो। अब प्रशासनले यस्तो हुँदा र रक्सीको पसल र होटलहरू माथि किन कड़ा निर्देश र रोक गर्न सकेन? एसकेएम पार्टीले प्रश्न गरेको छ।

पर्यटन विभागले युवा युवतीलाई मताउनु र अभद्र कार्य गराउनुको निम्ति यो उत्सव गरेको हो कि पर्यटनलाई बढ़ावा दिन गरेको? एसडीएफ सरकारले यस्तो समाज बिथोल्ने कार्य सरकारी खर्चमा गरेर के प्रमाण गर्न खोजेको? एसकेएम पार्टीले थप प्रश्न गरेको छ। उक्त घटनाप्रति एसकेएम पार्टीले खेद प्रकट गर्दै पर्यटन विभागका मन्त्रीबाट स्पष्टिकरणको माग गर्दै सरकारी जाँच गराउने माग राखेको छ।

# जमीनको क्षतिपूर्ति नदिएको भन्दै रेलवे परियोजनामा बाधा



**रम्फू, ११ जनवरीः** सेवोक–रम्फू रेलवे प्रोजेक्ट शुरु गर्नमा पुनः अड्चन उत्पन्न भएको छ। खानीखोलाका एक जमीन मालिकले रेलवेद्वारा जमीनको क्षतिपूर्ति राशि प्रदान नगरिएको बताउँदै गाडी चल्ने बाटो हिजदेखि बन्द गरिदिएका छन्। बाटो बन्द भएपछि रेलवेको काम हिजदेखि पुनः बन्द भयो। क्षेत्रका आम नागरिकहरूलाई पनि यसरी अचानक बाटो बन्द हुँदा समस्या उत्पन्न भएको बताएका छन्। समाचार अनुसार आज इर्कनका अधिकारीहरूद्वारा यसबारे रम्फू थानामा एक प्राथमिक दर्ता पनि गरिएको छ। रेलवे सूत्रद्वारा प्राप्त जानकारी अनुसार रेलवेले जमीनको क्षतिपूर्तिको धनराशी राज्य सरकारलाई प्रदान गरिसकेको छ। राज्य सरकार पनि धनराशि जमीनदातालाई दिन तयार छ। तर, जमीन मालिकहरूबीच पारिवारिक विवाद रहेकोले धनराशि राज्य सरकारसित सुरक्षित रहेको र विवाद समाप्त भएको दिन अदालतको फैसलाअनुसार धनराशि प्रदान गर्नको निम्ति तयार रहेको बताइएको छ। पूर्व जिल्ला प्रशासनले अविलम्ब वास्तविक जमीन मालिक को हो यसबारे निर्णय लिएर जमीनको क्षतिपूर्ति राशि प्रदान गर्न आवश्यक देखिन्छ।

# घरमा आगलागी, दुइवटा कोठा जलेर खरानी



**कालेबुङ, ११ जनवरी।** कालेबुङ खण्ड–१ अन्तर्गत डा. ग्राहम्स होम्सको डिस्पेन्सरीदेखि तल्लो ब्लक डी निवासी पास्टर अनिल आलेको घरमा आज आगलागी भएपछि दुइवटा कोठा जलेर पूर्णरूपले खरानी भएको छ। आलेको दुइ तला घरको माथिल्लो तलामा काठले बनिएको दुइवटा कोठामा बिजुलीको पोलबाट ल्याइएको लाइनमा आगो लागेको कारण कोठामा आगो लागेको परिवार पक्षले बताएका छन्। जुन कोठामा आगो लाग्यो त्यहाँ डा. ग्राहम्स होम्स स्कूलका विद्यार्थी बस्दै आइरहेका थिए। आगलागीको समय परिवारका सदस्यहरू तल्लो तलामा थिए। केही जलेको जस्तो गन्ध आएर सबै निक्लेर हेर्दा त आफ्नै घरको माथिल्लो तलामा आगो लागेको उनीहरूले देखे। छर–छिमेकको सहयोगमा आगोलाई निभाउने प्रयत्न गरिए पनि उनीहरू सफल हुन सकेनन्। यस अवधि दमकललाई पनि सूचित गरिएको थियो तर काठको कोठा भएकोले आगोले सबै खरानी बनाइसकेको थियो। यस आगलागीमा विद्यार्थीको किताब, खाता सहित अन्य सामानहरू पूर्णरूपले जलेको छ।